पाठ ६

# येशूले असल प्रणाली (तरीका) हरू प्रयोग गर्नुभयो

रूखहरू ढाल्नु कहिलेकहीँ खतरनाक काम हुन सक्छ। यस काम गर्नको निम्ति ज्यालामा लगाउने व्यक्तिहरूले नै यसो गर्नका लागि उसलाई अधिकार पनि प्रदान गरेका हुन्छन्। तब उसले रूखलाई भूइँमा ढाल्ने लक्ष्य राखेको हुन्छ। रूखलाई ठीक किसिमले काटने तरीका हुन्छ, यसरी यो रूख ढल्दा नजीकमा भएको घरमा ठोकिनबाट जोगिन्छ।

परमेश्वरको सत्यता सिकाउने अधिकार येशूसँग थियो। उहाँले सिकाउनुहुँदा यस अधिकारलाई देखाउनुभयो। उहाँसँग लक्ष्य पनि थियो र त्यस लक्ष्यमा पुग्नका निम्ति प्रणालीहरू पनि थिए। पछ्याउनका लागि हाम्रो निम्ति उहाँले यही उदाहरण दिनुभएको छ।

तपाईंले यस अन्तिम पाठ अध्ययन गर्नुहुँदा, येशूबाट सिक्नका लागि उहाँले तपाईंलाई सहायता गर्नुभएको होस्। तपाईंले



सिकाउन सक्ने कोही व्यक्तिकहाँ यस हप्ता जानका लागि उहाँले तपाईंलाई अगुवाइ गर्नुभएको होस्।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशूले अधिकारसाथ सिकाउनुभयो
येशूको लक्ष्य थियो
येशूले प्रणालीहरू प्रयोग गर्नुभयो

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- मुख्य गुरु येशूको उदाहरणलाई प्रयोग गरी अरूहरूलाई सन्देश प्रस्तुत गर्न।
- तपाईंको शिक्षण सेवाको निम्ति लक्ष्यहरू निर्धारित गर्दा येशूको उदाहरणलाई वर्णन र प्रयोग गर्न।
- येशूले प्रयोग गर्नुभएका शिक्षणका विभिन्न तरीकाहरूलाई प्रयोग गर्न।

## येशूले अधिकारसाथ सिकाउनुभयो

उद्देश्य १: *येशूको शिक्षण व्यवस्थाका गुणहरूकाभन्दा कसरी फरक थियो?*

येशूको समयमा पूजाहारीहरू नै व्यवस्थाका गुरुहरू थिए। तिनीहरूका लागि यो महत्त्वपूर्ण कुरा थियो। तर जब येशूले सिकाउनुभयो, उहाँका शिक्षण बेग्लै किसिमका छन् भनी मानिसहरूले बुझिहाले।

> अनि तिनीहरू उहाँका शिक्षामा चकित भए, किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो (मर्कूस १:२२)।

येशूका शिक्षणहरूले देखाउँछन् कि उहाँसँग अधिकार वा शक्ति थियो, जुनचाहिँ पूजाहारीहरूले पनि चाहेका थिए। उहाँलाई यो अधिकार स्वर्गबाट दिइएको थियो, र आफूले सिकाएको कुरा सत्य हो भनी उहाँलाई थाहा थियो। उहाँका कुराहरू सुन्नेहरूले यो देखे र उहाँका कुराहरू ध्यानसँग सुने।

उहाँलाई पक्रनका लागि पठाइएका पहरेदारहरू रित्तै आफ्ना अगुवाहरूकहाँ फर्केर गए। तिनीहरूले भने, "यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन!" (यूहन्ना ७:४६)।

पूजाहारीहरूले जस्तै गरी येशूले सिकाउनुभएन। विगत समयका गुरुहरूले सिकाएझैं तिनीहरूले सिकाए। तिनीहरूका प्रत्येक दिनको जीवनमा परमेश्वरको व्यवस्थाको अर्थ के हो र तिनीहरूका निम्ति उहाँले कसरी योजना बनाउनुभएको छ भन्ने सम्बन्धमा उहाँले मानिसहरूलाई सिकाउनुभयो। यो कुरा बुझ्नको

लागि पनि उहाँले तिनीहरूलाई सहायता गर्नुभयो कि उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको छ, र तिनीहरूले पनि त्यसै गरी एक-अर्कालाई प्रेम गर्नुपर्छ।

येशू परमेश्वरका पुत्र हुनुभएका हुनाले उहाँसँग यो अधिकार थियो। येशू को हुनुहुन्छ भनी यहूदीहरूले उहाँसँग प्रश्न गर्दा, उहाँले तिनीहरूलाई बताइदिनुभयो। स्वर्गमा हुनुहुने उहाँका पिताले उहाँलाई दिनुभएका शब्दहरू यी नै हुन्:

> जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौ, म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही गर्दिनँ, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ (यूहन्ना ८:२८)।

जब येशूले "म उही हुँ" वा "म हुँ जो म हुँ" भन्नुभयो, प्रस्थान ३:१४-मा परमेश्वरले जलिरहेको पोथ्रामा मोशासँग बोल्नुहुँदा आफ्नो निम्ति प्रयोग गर्नुभएको नाउँलाई येशूले यहाँ प्रयोग गर्नुभयो। उहाँको अधिकार कहाँबाट आएको हो भन्ने कुरा उहाँलाई पछ्याउने यहूदीहरूलाई थाहा थियो।

## तपाईंको अभ्यासको निम्ति

१ प्रत्येक **ठीक** वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** व्यवस्थाका गुरुहरूले पनि येशूले झैं सिकाउँथे।

**ख.** उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास नगर्नेहरूले पनि उहाँले अधिकारसाथ सिकाउनुभयो भनी जानेका थिए।

**ग.** येशूले पूजाहारीहरूको अधिकार लिएर सिकाउन चाहनुभयो।

**घ.** आफ्ना स्वर्गीक पिताले जे सिकाएको चाहनुहुन्थ्यो येशूले त्यही कुरा सिकाउनुभयो।

**ङ.** मानिसहरूका जीवन परिवर्तन हुन सकून् भनेर येशूले परमेश्वरका सत्यताहरू सिकाउनुभयो।

**२** येशूको शिक्षण अरूहरूका भन्दा फरक थियो भनी देखाउने तीन कुराहरूको सूची बनाउनुहोस् र तपाईंले सिकाउनुपर्ने तरीकाहरूसँग तिनीहरूलाई तुलना गर्नुहोस्।

..................................................................................

..................................................................................

## येशूको लक्ष्य थियो

उद्देश्य २ः *येशूको लक्ष्य कसरी उहाँको जीवन र सेवाको अङ्ग थियो व्याख्या गर्नुहोस्।*

आफ्नो सेवामा येशूको एउटै मात्र उद्देश्य थियो। योचाहिँ परमेश्वरको सत्यतालाई जान्न र ग्रहण गर्नका लागि मानिसहरूलाई अगुवाइ गर्नु हो। आफ्नो पछि लाग्ने मानिसहरूका भीड़लाई येशूले भन्नुभयोः

> आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस् (यूहन्ना ६:३८,४०)।

येशूको पूरै जीवन र सेवा शिक्षण, प्रचार र आश्चर्यकर्महरू गर्दा बितेको थियो। यी सबै क्रियाकलापहरूको उद्देश्य येशूलाई मुक्तिदाताका रूपमा विश्वास गर्नका लागि मानिसहरूलाई अगुवाइ गर्नु हो।

> उहाँ जहाँ-जहाँ जानुभयो, उहाँले सुसमाचारको प्रचार र शिक्षण गर्नुभयो। मर्कूसले हामीलाई बताएका छन् कि "परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो" (मर्कूस १:१४)।

प्रचार गर्नका लागि अरू गाउँहरूमा पनि उहाँ जानुपर्छ भनी उहाँले केही समयपछि आफ्ना चेलाहरूलाई बताउनुभएको कुरा हामी यहाँ देख्छौं। जब उहाँ गालीलको तालको किनारमा आइपुग्नुभयो, "मानिसहरूको एउटा ठूलो भीड़ उहाँकहाँ आयो, र उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो" (मर्कूस २:१३)। चारवटा सुसमाचारद्वारा हामीले येशूको जीवनलाई पछ्याउँदा, हामी देख्छौं कि उहाँ जहाँ-जहाँ जानुभयो, उहाँले सुसमाचारको प्रचार र शिक्षण गर्नुभयो।



**तपाईंको अभ्यासको निम्ति**

तल दिइएका प्रश्नहरूका निम्ति सबैभन्दा उत्तम उत्तर छान्नुहोस्।

**३** मानिसहरूले के कुराको बारेमा जानेको येशू चाहनुहुन्छ?

**क**. कसरी अधिकार पाउनु।

**ख**. उहाँका स्वर्गीक पितालाई कसरी चिन्नु।

**ग**. कसरी उहाँको पछिलाग्ने हुनु।

**४** आफू यस पृथ्वीमा रहँदा येशूले गर्न चाहनुभएको सबैभन्दा महत्त्वपूर्ण कुरा के थियो?

**क**. उहाँका पछि लाग्ने भीड़हरूसँग कुराकानी गर्नु।

**ख**. शासकहरूसँग कुराकानी गर्नु।

**ग**. मानिसहरूलाई सुसमाचार बताउनु।

## येशूले प्रणालीहरू प्रयोग गर्नुभयो

उद्देश्य ३: *सिकाउनका लागि येशूले विभिन्न प्रणालीहरूलाई कसरी प्रयोग गर्नुभयो वर्णन गर्नुहोस्।*

के सिकाउनु पर्ने हो सो कुरा मात्र येशूलाई थाहा नभएर, *कसरी* सिकाउनुपर्छ भन्ने कुरा पनि उहाँलाई थाहा थियो। हामीले यसभन्दा पहिलेको पाठमा कुराकानी गरेका प्रणालीहरूलाई नै येशूले प्रयोग गर्नुभएको थियो। ती के थिए भन्ने कुरा के तपाईं याद गर्न सक्नुहुन्छ? प्रत्येकलाई फेरि हामी विचार गरौं। तर येशूले यी प्रणालीहरूलाई कसरी प्रयोग गर्नुभयो भन्ने सम्बन्धमा पनि अहिले हामी हेर्नेछौं।

१. *येशूले प्रवचनहरू दिनुभयो।* यी प्रवचनहरूमा धेरै असल उदाहरणहरूलाई सुसमाचारमा भेट्टाउन सकिन्छ। तीमध्ये एउटाचाहिँ मत्ती ५-७-मा भएको डाँड़ाको उपदेश हो। (यसलाई अहिले नै पढ्नुहोस्।) धेरै कुराहरूका बारेमा येशूले कसरी कुराकानी गर्नुभयो के तपाईं देख्न सक्नुहुन्छ?

"येशूले यी कुरा भनिसक्नुभएपछि भीड़ उहाँका शिक्षा सुनेर छक्क पऱ्यो, किनकि उहाँले तिनीहरूका शास्त्रीहरूले झैं होइन, तर अधिकार पाएको मानिसले जस्तो गरी सिकाउनुभयो" भनी मत्ती ७:२८-२९ मा उल्लेखित कुरालाई ध्यान दिनुहोस्। शिक्षणको यस प्रणालीलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा येशूलाई थाहा थियो।

२. *येशूले कथा भन्ने प्रणाली प्रयोग गर्नुभयो।* उहाँका कथाहरूलाई दृष्टान्त वा उखानहरू भनिन्थ्यो। सुसमाचारहरूमा येशूले भन्नुभएका ६१ वटा दृष्टान्त वा उखानहरू छन्। तिनीहरू थोकहरू, रूख-विरुवाहरू, जनावरहरू, वा मानिसहरूका बारेमा थिए। प्रत्येक दिनको जीवनमा प्रत्येक व्यक्तिलाई हुन सक्ने अवस्थाहरूका बारेमा कथाहरू ती थिए। दृष्टान्तहरूको उद्देश्य आत्मिक सत्यताहरू सिकाउनु हो, र प्रत्येक दृष्टान्तले एउटा सत्यता सिकाउँछ।

एउटा उदाहरणचाहिँ लूका १०:३०-३६ मा भएको असल सामरीको दृष्टान्त हो। येशूलाई फन्दामा पार्ने उद्देश्यले सोधिएको प्रश्नको जवाफमा येशूले यो कथा भन्नुभएको थियो। यस दृष्टान्तले विनाविवाद नै आत्मिक सत्यता सिकाएको थियो।

३. *येशूले आफ्नो शिक्षणमा धेरै पल्ट प्रश्नहरू र उत्तरहरू पनि प्रयोग गर्नुभयो।* असल सामरीको दृष्टान्तमा पनि उहाँले यो प्रणाली प्रयोग गर्नुभयो। उहाँले डाँड़ामा उपदेश

दिनुहुँदा पनि यसलाई प्रयोग गर्नुभयो। यसरी उहाँको शिक्षणको पूर्ण अर्थ बुझ्नका लागि उहाँले आफ्ना श्रोतहरूलाई सहयोग पुऱ्याउनुभयो। खानेकुरा र लगाउने लुगाहरूका बारेमा फिक्री नगर्नू भनी उहाँले मानिसहरूलाई बताउनुहुँदा प्रश्न गर्नुभयो, "के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन?" (मत्ती ६:२५)।

आफ्ना श्रोताहरूले विचार गर्न सकून् भनी येशूले प्रश्नहरू सोध्नुभयो, किनकि उहाँले सिकाउनुभएको कुरा तिनीहरूले बुझेको उहाँ चाहनुहुन्थ्यो।

अर्कोपल्ट, कर तिर्ने सम्बन्धमा येशूले आफ्ना चेलाहरूलाई सिकाउन चाहनुहुन्थ्यो। उहाँले तिनीहरूलाई धेरै प्रश्नहरू सोध्नुभयो। "सिमोन तिम्रो विचार के छ?" भनी उहाँले शुरू गर्नुभयो (मत्ती १७:२५)। करको सम्बन्धमा येशूलाई पत्रुसका धारणा वा विचारहरूको आवश्यकता थिएन, तर पत्रुसले यस विषयमा विचार गरेका उहाँ चाहनुहुन्थ्यो। सिकाइको यो एक महत्त्वपूर्ण भाग हो भन्ने कुरा उहाँलाई थाहा थियो।

४. *येशूले छलफलहरूलाई पनि प्रयोग गर्नुभयो।* सामरियाको इनारमा भेटिएकी स्त्रीसँग भएको उहाँको छलफल यसको एउटा उत्तम उदाहरण हो (यूहन्ना ४)। येशूले त्यस स्त्रीसँग पिउने पानी मागेर छलफल शुरू गर्नुभयो। ती स्त्री विषयबाट टाढै रहन खोजेकी भए तापनि उहाँले बडो नम्रतापूर्वक तिनलाई अगुवाइ गर्नुभयो र उहाँले तिनलाई के सिकाउन लाग्नुभएको थियो र उहाँ को हुनुहुन्छ भन्ने कुरा तिनले बुझिन्।

येशूका चेलाहरू शहरबाट फर्केर आउँदा, उहाँ सामरी स्त्रीसँग कुरा गरिरहनुभएको तिनीहरूले भेट्टाए, उहाँले तिनीहरूलाई

भन्नुभयो, "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो" (यूहन्ना ४:३४)।

येशूलाई आफ्नो काम थाहा थियो, र आफूले प्रचार र शिक्षण गर्नुपर्ने सन्देश पनि उहाँलाई थाहा थियो। पुरुषहरू र स्त्रीहरूले उहाँमा विश्वास गर्नका लागि सन्देश कसरी दिनुपर्छ भन्ने कुरा पनि उहाँलाई थाहा थियो। तपाईंले उहाँको जीवनलाई अध्ययन गर्नुहुँदा, उहाँले शिक्षणका विभिन्न प्रणालीहरू प्रयोग गरी कसरी मानिसहरूलाई सेवा पुऱ्याउनुभयो सो विचार गर्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

तल उल्लेखित प्रश्नलाई ठीक उत्तर लेखी पूरा गर्नुहोस्।

**५ क.** तपाईंले सिकाउनुहुँदा तपाईंको अधिकार कहाँबाट आएको छ भनी जान्न तपाईंलाई किन आवश्यक पर्छ?

.................................................................

.................................................................

**ख.** तपाईंले आफ्नो लक्ष्यलाई किन थाहा पाउनु आवश्यक छ? ..........................................................

**ग.** किन तपाईंले शिक्षणको असल प्रणालीलाई अपनाउनु आवश्यक छ? ..............................................

**६** तपाईंले प्राप्त गर्नुभएको ज्ञानलाई प्रयोग गरी येशूले सिकाउनुभएको तरीकालाई तपाईंको आफ्नो शिक्षण सेवामा प्रयोग गर्नुहोस्। परमेश्वरको सन्देशलाई यसरी तयार गर्नुहोस् कि जसले उहाँका सत्यता जान्न र ग्रहण गर्नका लागि मानिसहरूलाई अगुवाइ गरेको होस्।

येशूले आफ्ना चेलाहरूलाई यसो पनि भन्नुभयोः

> के तिमीहरू भन्दैनौ, 'अझ चार महीना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ! (यूहन्ना ४:३५)।

उहाँले आत्माहरूको कटनीको बारेमा तिनीहरूलाई बताइरहनुभएको थियो। अब यो त्यत्ति धेरै टाढ़ा छैन, तर यदि कसैले मानिसहरूलाई सिकायो भने तिनीहरू येशूमा विश्वास गर्नका लागि तयार छन्।

तपाईंको घरको पल्लोपट्टि को बस्छ? के उसले कहिल्यै येशूको बारेमा सुनेको छ? तपाईंले उसलाई भेट्नुहुँदा तपाईं के विषयमा कुराकानी गर्नुहुन्छ? तपाईं ख्रीष्टियान हुनुहुन्छ भन्ने कुरा के उसलाई थाहा छ? उसलाई र अरूहरूलाई सिकाउनका लागि यस पुस्तकबाट तपाईंले सिक्नुभएका कुराहरूलाई प्रयोग गर्नुहोस्। कटनी गर्नुपर्ने धेरै आत्माहरू त्यहाँ छन्। तपाईंको शिक्षण सेवालाई प्रयोग गरेर तपाईं परमेश्वरको खेतला किन बन्नुहुन्न?

अब हामी शिक्षण सेवाको बारेमा भएको हाम्रो अध्ययनको अन्तमा आइपुगेका छौं, र शिक्षण सेवा कसरी हाम्रो जीवनको अङ्ग बन्न सक्छ भन्ने बारेमा विचार गर्नु तपाईंको निम्ति असल हुनेछ। विचार गर्नका लागि तलको तालिकामा हामीले केही कुरा तपाईंलाई दिएका छौं। तपाईंको उत्तरलाई सङ्केत गर्ने खण्डमा चिन्ह (X) लगाउनुहोस्।

| | हो | होइन |
|---|---|---|
| मलाई सिकाइएकोमा मलाई आनन्द लाग्छ। | | |
| मैले ख्रीष्टियान शिक्षण प्राप्त गर्नु आवश्यक छ जस्तो मलाई लाग्छ। | | |
| येशूको बारेमा कसैले मलाई सिकाएपछि मैले ख्रीष्टलाई चिनेको हुँ। | | |
| म कसैलाई येशूको बारेमा सिकाउन चाहन्छु। | | |
| मैले बाइबलको कुनै पदको अर्थलाई कसैसँग बाँडेको छु। | | |
| येशूलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नुपर्ने व्यक्तिलाई मैले भन्नुपर्ने कुराको बारेमा विचार गरिसकेको छु। | | |
| मैले प्राप्त गरेको ख्रीष्टियान शिक्षाको कारण मेरो जीवन परिवर्तन भएको छ। | | |
| पाठ सिक्नका लागि मानिसहरूलाई सहायता पुऱ्याउन मैले तिनीहरूलाई कथा भनेको छु। | | |
| प्रश्नहरू र उत्तरहरू प्रयोग गरी मैले यस पाठको सम्बन्धमा कसैसँग छलफल गरेको छु। | | |
| कसैलाई सिकाउनका लागि मलाई सहयोग गर्नका निम्ति मैले परमेश्वरसँग बिन्ती गरेको छु। | | |
| ख्रीष्टियान शिक्षणको सेवाको महत्त्व देख्नका लागि यस पाठ्यपुस्तकले मलाई सहायता पुऱ्याएको छ। | | |

परमेश्वरको निम्ति सेवाको स्थान भेट्टाउनको लागि उहाँको सहायता माग्नुहोस्। उहाँले तपाईंलाई चाहनुभएको काम गर्नका लागि तपाईं इच्छुक हुनुहोस्। तपाईंले आफ्नो जीवन अरूहरूसँग बाँड्नुहुँदा आनन्दको अनुभव गर्न सक्नुहुनेछ।

अब तपाईं ४-६ पाठहरूको विद्यार्थी प्रतिवेदन भर्नलाई तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस्, र त्यसपछि तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ निर्देशककहाँ पठाउनुहुँदा अर्को पाठ्यपुस्तकको बारेमा पनि उहाँसँग सोध्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६ तपाईंको आफ्नै प्रयोग

१ **क** बेठीक
**ख** ठीक
**ग** बेठीक
**घ** ठीक
**ङ** ठीक

**५ क** किनकि हाम्रो पछाडि परमेश्वरको अधिकार छ भन्ने कुरा हामीलाई थाहा भएपछि हामीले के गरिरहेका छौं भन्ने कुरामा हामी निश्चित हुन सक्छौं।

**ख** हाम्रो शिक्षणबाट हामी के नतीजा चाहन्छौं भन्ने कुरा यसरी हामीलाई थाहा हुनेछ।

**ग** यसरी विद्यार्थीहरूले सिक्नेछन्।

२ येशूले परमेश्वरको अधिकारसाथ सिकाउनुभयो– तपाईंले पनि त्यही अधिकारसाथ सिकाउन सक्नुहुन्छ। उहाँले परमेश्वरका सत्यताहरू सिकाउनुभयो– तपाईंले पनि यी सत्यताहरू सिकाउनैपर्छ। उहाँले यी सत्यताहरूलाई तिनीहरूका दैनिक जीवनमा प्रयोग गर्नुभयो– मानिसहरूका जीवनमा परमेश्वरका सत्यताहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा तपाईंले तिनीहरूलाई देखाउन सक्नुहुनेछ।

४ ग) मानिसहरूलाई सुसमाचार बताउनु।

३ ख) उहाँका स्वर्गीक पितालाई कसरी चिन्नु।